# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, चैत १ गते २०६१ साल (संख्या ४७

## भाग ३

### श्री ५ को सरकार
### सामान्य प्रशासन मन्त्रालयको सूचना

### निजामती सेवा (छैठौं संशोधन) नियमावली, २०६१

निजामती सेवा नियमावली, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "निजामती सेवा (छैठौं संशोधन) नियमावली, २०६१" रहेको छ ।

(२) यो नियमावली सम्वत् २०६२ साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. निजामती सेवा नियमावली, २०५० को नियम ५५ क. मा संशोधनः निजामती सेवा नियमावली, २०५० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५५ क. को सट्टा देहायको नियम ५५ क. राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"५५क. कार्यालय समयको निर्धारणः (१) नेपाल अधिराज्यका सबै कार्यालयका लागि प्रत्येक आईतबारदेखि बिहीबारसम्म बिहान १०.०० बजेदेखि बेलुका ५.०० बजेसम्म र शुक्रबार बिहान १०.०० बजेदेखि दिउँसो ३.०० बजेसम्म कार्यालय समय निर्धारण हुनेछ।

तर मंसिर, पुस र माघ महिनाको कार्यालय समय बिहान १०.०० बजेदेखि बेलुका ४.०० बजेसम्म हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले भौगोलिक विकटता, स्थानीय आवश्यकता एवं कामको प्रकृति अनुसार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएबमोजिम कार्यालय समयको निर्धारण गर्न सक्नेछ।"

३. मूल नियमावलीको नियम ५६ मा संशोधनः मूल नियमावलीको नियम ५६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) निजामती कर्मचारीले प्रत्येक वर्ष भैपरी आउने बिदा छ दिन र पर्व बिदा तीन दिन गरी जम्मा नौ दिन बिदा लिन पाउनेछ।"

आज्ञाले,
माधवप्रसाद घिमिरे
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु. ५।-

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८